म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः२...                    संख्याः. २..मितिःभाद्र २९,२०७५

**भाग-१**

**म्यागङ गाउँपालिका**

**म्यागङ गाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५**

गाँउ सभाबाट पारित मितिः भाद्र १६,२०७५

प्रमाणीकरण मितिः भाद्र १६,२०७५

**स्थानीय राजपत्रमाप्रकाशितमिति :** भाद्र २९,२०७५

## <u>२०७५ सालको ऐन नं.२ ....</u>

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्रभित्रकाविषयमाआवश्यककानूनबनाई प्रशासकीयकार्यविधिनियमितगर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमम्यागङ गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नामम्यागङ गाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐनम्यागङ गाउँपालिका क्षेत्रभित्रतुरुन्तलागू हुनेछ ।

२. **परिभाषा** :(१)बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन”भन्नाले म्यागङ गाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले म्यागङ गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका”भन्नाले म्यागङ गाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा”भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभासम्झनु पर्छ ।

(ङ) “संविधान”भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियमबनाउने अधिकार** : (१)नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४बमोजिमगाउँपालिकालाई तोकिएकाअधिकार क्षेत्रभित्रकाविषयमातोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधिनियमितगर्नको निमित्तम्यागङ गाउँकार्यपालिकाले आवश्यकनियमबनाउन सक्नेछ ।

(२) उपदफा(१)बमोजिमनियमबनाउँदा संघीय तथाप्रदेश कानूनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमामात्रबनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगतवनेको नियमावलीको अधिनमा रहीगाउँकार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,

**प्रमोद तिमिल्सिना**

प्रमुख प्रशासकीय अधिकृत